**बिस्तृत कार्य बिवरण**

कार्यशीर्षकः ऐतिहासिक बाढी तह चिन्हांकन (Historical Flood Marking)

कार्यक्षेत्र: मधेश र लुम्बिनी प्रदेशका रेन कार्यक्रम संचालित १२ पालिकाहरु

अवधि: ३० कार्यदिन (१ जनवरी- ३० जनवरी २०२६)

प्रकार: अल्पकालीन परामर्श सेवा

## १. पृष्ठभूमि

उत्थानशिल, अनुकुलन र समावेशी नेपाल रेन (RAIN) परियोजना स्थानीय रूपमा नेतृत्व गरिएको उत्थानशिल निर्माणमा आधारित छ। यसले पूर्व सुचना र पूर्व कार्य र जलवायु अनुकूलनको लागि राष्ट्रिय सरकारी प्रणालीहरूलाई सुदृढ गर्दै समुदायको उत्थानशिलता बढाउन प्रणालीगत, समावेशी, र स्थानीयकृत रणनीति अपनाएको छ । मधेश र लुम्बिनी प्रदेशमा कार्यान्वयन गरिएको रेनले स्थानीय सरकारहरू (LG), नागरिक समाज संस्थाहरू (CSO), समुदायमा आधारित संस्थाहरू (CBO) र सीमान्तकृत समुदायहरूलाई विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशिल प्रयासहरूको नेतृत्व र दिगोपन गर्न सशक्त बनाउँछ। रेन परियोजना बेलायत सरकार (FCDO) को आर्थिक सहयोगमा पिपुल इन निड (PIN) को नेतृत्व र ड्यानचर्च एड (DCA) को सह नेतृत्व साथै रेड क्रस क्लाइमेट सेन्टर (RCCC) र यूके मेट (UK-MET) को प्राविधिक सहयोगमा साझेदार संस्थाहरू जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (LI-BIRD), सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (CSRC), युथ इनोभेसन ल्याब (YIL) र प्रेरणा मार्फत कार्यान्वयन गरिएको छ|

रेनका कार्यक्रमहरुले बेलायत सरकारको उत्थानशिल, अनुकुलन र समावेशी नेपाल कार्यक्रमको प्रमुख लक्ष्यहरूलाई जोड दिन्छ र उपलब्ध वित्तीय स्रोतहरूको उपयोग गरेर दीर्घकालीन एवम् व्यवस्थित उत्थानशिल निर्माणमा योगदान पुर्‍याउँछ।

## २. ऐतिहासिक बाढी तह चिन्हांकन (Historical Flood Marking) परिचय:

मधेश प्रदेश र लुम्बिनी प्रदेशका विभिन्न जिल्लाहरु बारम्बार बाढीको उच्च जोखिमयुक्त क्षेत्रका रूपमा परिचित छन्। यी जिल्लाहरूमा प्रत्येक वर्ष बाढीले व्यापक जनधन क्षति, कृषिजन्य नोक्सानी र स्वास्थ्य जोखिम निम्त्याउने गरेको छ।

विगतका वर्षहरुमा बाढी प्रभावित क्षेत्रको पहिचान गरी बाढीको तह देखिने गरी स्पष्ट रुपले विद्युत् पोल, पर्खाल तथा अन्य प्रमुख सार्वजनिक संरचनाहरूमा बिभिन्न रङले चिन्ह अंकित गरी समुदायका सदस्यहरूलाई भविष्यमा हुन सक्ने बाढीको जोखिम र सम्भावित प्रभावबारे बुझ्न सहयोग पुर्‍याउन सकिन्छ । मधेश र लुम्बिनीका धेरै गाउँ र नगरपालिका क्षेत्रमा हालसम्म यस्ता चिन्हांकन गतिविधि

सीमित संख्यामा मात्र रहेका कारण समुदायमा जोखिमप्रतिको चेतना कम छ। यसले गर्दा बाढी पूर्वतयारी र जोखिम न्यूनीकरणका पहललाई प्रभावकारी बनाउन, नीति निर्मातासँग समन्वय गरी स्थानिय स्तरमा व्यापक रूपमा ऐतिहासिक बाढी चिन्हांकन (Historical Flood Marking) गर्नु अत्यन्त आवश्यक रहेको देखिन्छ।

**३. कार्यको उद्देश्य:**

यस कार्यको उद्देश्य समुदायमा बाढी जोखिमप्रतिको बुझाइ र अनुभूति (Risk Perception) अभिवृद्धि गर्नु हो। विगतमा आएको उच्च बाढी तहलाई विद्युत् पोल, पर्खाल तथा अन्य प्रमुख सार्वजनिक संरचनाहरूमा चिन्हांकन गरी समुदायलाई अघिल्ला बाढीका घटनाहरूको गहिराइ, विस्तार र प्रभावबारे स्पष्ट जानकारी प्रदान गरि सचेत तुल्याउनु आवश्यक छ । यस गतिविधिमार्फत बाढी जोखिमसम्बन्धी चेतना वृद्धि भई समुदायको पूर्वतयारी र जोखिम न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

**४. कार्यक्षेत्र (Scope of Work)**

यस कार्य अन्तर्गत देहायका गतिविधिहरू सञ्चालन गर्नुपर्नेछ :

- स्थानीय सरकार, स्थानीय विपद व्यवस्थापन समिति (CDMC) र समुदायका जानकार व्यक्तिहरूसँग समन्वय गरी ऐतिहासिक बाढीसम्बन्धी तथ्याङ्क संकलन र विगतका उच्च बाढी तहहरूको प्रमाणीकरण।
- विद्युत् पोल, पर्खाल तथा अन्य उपयुक्त सार्वजनिक संरचनाहरूमा ऐतिहासिक उच्च बाढी तह चिन्हांकनका लागि स्थान पहिचान।
- स्थानीय कलाकार तथा CDMC का सदस्यहरूलाई परिचालन गरी प्रमाणित तथ्याङ्कका आधारमा सार्वजनिक संरचनाहरूमा ऐतिहासिक उच्च बाढी तह देखाउने गरी बाढीको तह झल्किने चिन्ह (Flood Water Marks) पेन्टिङ।

**५. कार्यको दायरा**

**परामर्शदाता संस्थाको जिम्मेवारी:**

- आवश्यक पैंटिंग सामग्री खरिद स्वयम् परामर्शदाताले नै गर्नुपर्नेछ । पैंटिंगको गुणस्तर उच्च हुनुका साथै कम्तिमा पनि २ वर्षको ग्यारेन्टी भएको हुनुपर्नेछ ।
- जोखिम चिन्ह अंकित गर्दा बिभिन्न रङले गर्नुपर्नेछ ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको जिम्मेवारी:**

- जोखिम चिन्ह अंकित कार्यका लागि रेन परियोजनाका EW–EA संयोजकले चिन्हांकनको विधि, स्पष्टता र दृश्यता कायम गर्ने विषयमा मार्गदर्शन तथा आवश्यक अभिमुखीकरण प्रदान गर्नेछ।
- CDMC का सदस्यहरुसँग सम्पर्क र समन्वय गर्नमा सहयोग गर्नेछ ।

**६. अपेक्षित नतिजा / उपलब्धिहरू**

- समुदायमा बाढी जोखिमसम्बन्धी बुझाइ तथा जोखिम अनुभूति (Risk Perception) वृद्धि।
- ऐतिहासिक बाढी तहसम्बन्धी जानकारी तथा चेतनाको अभिवृद्धि।
- समुदायको पूर्वतयारी र जोखिम न्यूनीकरण क्षमतामा सुधार।

**७. प्रस्तावना पेश गर्ने सम्बन्धी जानकारी**

यस कार्यका लागि प्रस्तावना आह्वान गरिएको मितिले ७ दिन भित्रमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको काठमाडौं, धापासीस्थित कार्यालय वा जनकपुरस्थित रेन परियोजना कार्यालय वा दाङस्थित रेन परियोजना कार्यालयमा प्रस्तावक संस्था वा व्यक्तिले कोटेशन पेश गर्नुपर्नेछ । कोटेशनमा वित्तीय प्रस्तावना, कार्ययोजना प्रस्तावना र विस्तृत समयतालिका समावेश गरिएको हुनुपर्नेछ ।साथै संस्थाको हकमा दर्ता सम्बन्धी कागजात, पान/भ्याट दर्ता सम्बन्धी कागजात, आ.व. २०८२/८३ का लागि नवीकरण, तथा करचुक्ता वा कर भुक्तानीका लागि म्याद थप गरिएको कागजात अनिवार्य संलग्न गरिएको हुनुपर्नेछ ।व्यक्तिको हकमा पान/भ्याट दर्ता सम्बन्धी कागजात र अनुभव पत्र अनिवार्य संलग्न गरिएको हुनुपर्नेछ ।

**८. कार्यान्वयन अवधि**

अधिकतम १ (एक) महिना; सबै कार्यहरू २०८२ साल माघ १७ गते (जनवरी ३१, २०२५) भित्र पूरा गर्नुपर्नेछ ।

**९. ऐतिहासिक बाढी तह चिन्हांकन संख्या**

मधेश र लुम्बिनी प्रदेशका तोकिएका जिल्लाहरु अन्तर्गत स्थानीय तह र वडाहरुमा चिन्हांकन गरिनेछ । यस कार्यका लागि वित्तीय प्रस्तावना तयार गर्दा स्थानीय तहमा **१० स्थानको छनौट र चिन्हांकन गर्ने योजना** सहितको प्रस्तावनाको कोटेशन पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**१०. समन्वय तथा प्रतिवेदन**

यस कार्यको समन्वय रेन परियोजनाका EW–EA संयोजक मार्फत गरिनेछ। कार्य सम्पन्न भएपछि कार्यसम्पन्न प्रतिवेदन (Event Completion Report) पेश गर्नुपर्नेछ ।